**काठमाडौँ महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
सत्रौं नगर कार्यपालिका बैठकका प्रस्तावहरु

मिति २०८० असार ५ गते बसेको सत्रौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

प्रस्ताव नं. १. आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रममा छलफल गर्ने सम्वन्धमा ।

निर्णय

नगरकार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरुलाई जानकारी गराई शहरी योजना आयोग, नगर कार्यपालिकाका विषयगत समिति र सबै बिभागहरुको सहभागितात्मक प्रयासबाट मस्यौदा तयारी गरी पेश गर्न निर्देशन दिने ।

प्रस्ताव नं. २. देहायका कानुनका मस्यौदा उपर छलफल गरी स्वीकृत गर्ने सम्वन्धमा ।

(क) काठमाडौँ महानगरपालिका विषयगत समिति गठन सम्वन्धी कार्यविधि, २०८०
(ख) काठमाडौँ महानगरपालिका छात्रावास (होस्टल) सञ्चालन सम्वन्धी मापदण्ड, २०८०
(ग) “घ” वर्गको निर्माण व्यवसायी इजाजत सम्वन्धी कार्यविधि, २०८०

निर्णयः

काठमाडौँ महानगरपालिका विधायन समितिबाट दफावार छलफल भई मस्यौदा तयार गरी पेश हुन आएको उल्लेखित कार्यविधि तथा मापदण्ड स्वीकृत गरी लागु गर्ने ।

प्रस्ताव नं. ३. विविध ।
(क) मधेस प्रदेशको जितपुर सिमरा उप-महानगरपालिका, बारा र गण्डकी प्रदेशको डिस्याङ गाउँपालिका मनाङसँग भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।

निर्णयः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ को उपदफा (ट) मा व्यवस्था भए अनुसार काठमाडौं महानगररपालिकासँग अन्तर स्थानीय तह भगिनी सम्बन्ध कायम गर्न अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालयबाट पेश भएको मधेस प्रदेशको जितपुर सिमरा उप- महानगरपालिका, बारा र गण्डकी प्रदेशको डिस्याङ गाउँपालिका, मनाङसँग भगिनी सम्बन्ध स्थापना गर्ने ।

प्रस्ताव नं. ३.  विविध ।

(ख) इन्द्रजात्रा मनाउने सम्वन्धमा ।

<u>निर्णय :</u>

काठमाडौं महानगरपालिकाको सांस्कृतिक जात्रा तथा पर्वको रुपमा रहेको ईन्द्रजात्राको अवसरमा काठमाडौं महानगरपालिकासँग भगिनी सम्बन्ध कायम भएका स्वदेशी तथा विदेशी शहरहरुका प्रमुख, उपप्रमुख तथा प्रतिनीधीहरु र काठमाडौं महानगरपालिका सदस्य शहर भएको अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरुलाई समेत निमन्त्रणा गरी ईन्द्रजात्राको अवलोकन गराउने आवश्यक प्रबन्ध तथा व्यवस्थापन मिलाउने ।